**विद्युत ऐन,२०४९ को दफा ३८ तथा विद्युत नियमावली ,२०५० को नियम ८९ बमोजिम उर्जा मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायबाट भएको**

## निर्णय पर्चा

अनुमतिपत्र जारी गर्ने निकाय नेपाल सरकार ,उर्जा जलस्रोत तथा सिचाइ मन्त्रालय

विरुद्ध

विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संख्या ०७०।०७१ वि.उ. १०६ को विद्युत उत्पादन अनुमतिपत्र प्राप्त पुवा खोला वान हाईड्रोपावर प्रा.ली. बालुवाटार ४, काठमाडौं

**<u>विषय: जरिवान गरिएको सम्बन्धमा</u>**

पुवा खोला वान हाईड्रोपावर प्रा.लि. बालुवाटार ४, काठमाडौंलाई मिति २०७०।३।२१ मा ५०००,किलोवाट क्षमताको पुवा खोला वान हाईड्रोपावर प्रा.लिको विद्युत उत्पादन अनुमतिपत्र (संख्या ०७०।०७१ वि.उ.१०६) प्रदान गरिएको र उक्त अनुमतिपत्रको शर्त संख्या ७ (ध)मा संस्थाको स्वामित्वको संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नुपरेमा सो को जानकारी उर्जा मन्त्रालयलाइ दिनुपर्ने छ भनि उल्लेख भएको छ । यस सम्बन्धमा कम्पनी रजिष्टारको कार्यालयको मिति२०७४।१२।१२ को पत्रसाथ संलग्न प्रमाणित विबरणबाट त्यस कम्पनीको शेयर संरचनामा हेरफेर भएको देखिन्छ । विद्युत उत्पादनको अनुमतिपत्रको शर्त बमोजिम कम्पनीको स्वामित्वको संरचनामा परिवर्तन गर्नुपूर्व यस मन्त्रालयलाई पूर्वजानकारी दिनुपर्नेमा सो दिएको नदेखिएको र निज कम्पनीलाई स्पष्टीकरण सोधिएकोमा सो बमोजिम पूर्व जानकारी नदिएको विषयलाई स्वीकार गरी स्पष्टीकरण पेश गरेको देखिदा अनुमतिपत्रमा उल्लिखित शर्तको जानाजान उल्लंघन गरेको देखिएकोले विद्युत ऐन,२०४९ को दफा ३८(२) बमोजिम पुवा खोला १ जलविद्युत आयोजनाका प्रवर्द्धक पुवा खोला वान हाईड्रोपावर प्रा.लि. लाई रु ५०००। (अक्षरेपी पाँच हजार मात्र) जरिवाना गर्ने निर्णय गरी दिएको छ । अरु तपशील बमोजिम गर्नु ।

तपशील:

१. पुवा खोला वान हाईड्रोपावर प्रा.लि. बालुवाटार ४,काठमाडौंबाट निर्णय बमोजिम जरिवाना असुल गर्न मिसिल विद्युत विकास विभागमा पठाउनु ।

२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय

सचिव

इति संवत २०७५ साल जेष्ठ ३ गते रोज ५ शुभम्